सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड
Sampada Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

"साधना लघुवित्त वित्तीय संस्था लिमिटेड र सबैको लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिएको"

Head Office: Bandipur-1, Dumre | **Phone :** 065-580407, 580427 | **Web. :** https://sampadalaghubitta.com.np

UNAUDITED FINANCIAL RESULT (QUARTELY)

As At The End Of Third Quarter (2081/12/31) Of the Fiscal Year 2081/082

UNAUDITED CONDENSED STATEMENT OF FINANCIAL POSITION

As on Third Quarter ended 2081/82

Amount (NPR)

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and Cash Equivalents	105,112,128.10	399,709,064.83
Statutory Balances and due from Nepal Rastra Bank	49,611,403.76	49,611,403.76
Placement with Bank & Financial Institutions		-
Derivative Financial Instruments		-
Other Trading Assets		-
Loan and advances to MFIs & Cooperatives		-
Loans and Advances to Customers	10,067,891,417.16	9,754,158,386.35
Investment Securities		-
Current Tax Assets	57,401,874.16	15,222,010.20
Investment Property		-
Property and Equipment	86,755,540.72	84,249,642.73
Goodwill and Intangible Assets	637,665.23	637,665.23
Deferred Tax Assets	19,839,518.72	19,839,518.72
Other Assets	44,796,940.61	19,791,068.93
Total Assets	**10,432,046,488.46**	**10,343,218,760.74**
Liabilities		
Due to Bank and Financial Institutions		-
Due to Nepal Rastra Bank		-
Derivative Financial Instruments		-
Deposits from Customers	2,641,231,344.65	2,543,213,058.09
Borrowings	6,336,315,650.99	6,562,854,913.37
Current Tax Liabilities	45,882,316.77	-
Provisions	-	-
Deferred Tax Liabilities		-
Other Liabilities	329,468,420.41	263,428,918.77
Debt Securities Issued		-
Subordinated Liabilities		-
Total Liabilities	**9,352,897,732.82**	**9,369,496,890.23**
Equity		
Share Capital	700,858,345.00	700,858,345.00
Share Premium		-
Retained Earnings	(7,289,671.87)	(44,750,522.41)
Reserves	385,580,082.50	317,614,047.93
Total Equity	**1,079,148,755.64**	**973,721,870.51**
Total Liabilities and Equity	**10,432,046,488.46**	**10,343,218,760.74**

CONDENSED STATEMENT OF PROFIT & LOSS

For the Third Quarter ended 2081/082

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Interest Income	323,215,931.59	1,034,321,935.31	199,697,960.78	580,617,529.17
Interest Expense	171,230,949.66	550,987,096.42	117,020,441.24	368,199,052.82
Net Interest Income	**151,984,981.93**	**483,334,838.89**	**82,677,519.54**	**212,418,476.35**
Fee and Commission Income	26,630,623.74	72,129,107.99	17,261,168.33	54,627,056.41
Fee and Commission Expense	419,111.88	877,673.80	950,892.00	3,476,835.00
Net Fee and Commission Income	**26,211,511.86**	**71,251,434.19**	**16,310,276.33**	**51,150,221.41**
Net Interest, Fees and Commission Income	**178,196,493.79**	**554,586,273.08**	**98,987,795.87**	**263,568,697.76**
Net Trading Income	-	-	-	-
Other Operating Income	-	-	-	-
Total Operating Income	**178,196,493.79**	**554,586,273.08**	**98,987,795.87**	**263,568,697.76**
Impairment Charge/(reversal) for Loans and Other Losses	4,793,524.82	58,730,818.52	(5,769,822.03)	723,185.21
Net operating income	**173,402,968.97**	**495,855,454.56**	**104,757,617.90**	**262,845,512.55**
Operating Expense			-	-
Personnel Expenses	74,920,340.18	234,733,683.58	41,476,200.96	121,237,362.67
Other Operating Expenses	32,702,577.55	99,494,334.01	16,480,526.42	49,463,931.58
Depreciation & Amortization	1,006,996.60	8,686,381.07	1,514,185.90	4,688,972.52
Operating Profit	**64,773,054.64**	**152,941,055.90**	**45,286,704.62**	**87,455,245.78**
Non-Operating Income			-	-
Non-Operating Expense			-	-
Profit before Income Tax	**64,773,054.64**	**152,941,055.90**	**45,286,704.62**	**87,455,245.78**
Income Tax Expense			-	-
Current Tax	19,431,916.39	45,882,316.77	13,586,011.38	26,236,573.73
Deferred Tax	-	-	-	-
Profit for the Period	**45,341,138.25**	**107,058,739.13**	**31,700,693.24**	**61,218,672.05**

STATEMENT OF COMPREHESIVE INCOME

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Profit or loss for the Period	**45,341,138.25**	**107,058,739.13**	**31,700,693.24**	**61,218,672.05**
Other Comprehensive Income	-	-	-	-
Net other compressive income that will not be reclassified to profit or loss	-	-	-	-
Net other compressive income that are or may be reclassified to profit or loss				
Other comprehensive income for the period, net of income tax	-	-	-	-
Total Comprehensive Income for the period	**45,341,138.25**	**107,058,739.13**	**31,700,693.24**	**61,218,672.05**
Earnings per share				
Basic earnings per share		20.37		21.35
Annualized Basic Earnings Per Share		20.37		21.35
Diluted earnings per share		20.37		21.35

RATIOS AS PER NRB DIRECTIVE

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA		8.46%		8.50%
Non-Performing Loan (NPL) To Total Loan		6.71%		4.10%
Total Loan Loss Provision to Total NPL		29.87%		31.55%
Cost of Funds		7.84%		9.90%
Credit to Deposit and Borrowing Ratio		89.17%		91.95%
Base Rate		12.82%		14.57%
Interest Rate Spread		7.14%		5.08%

DETAILS ABOUT THE DISTRIBUTABLE PROFIT

Net profit up to Third Quarter	**107,058,739.13**
1. Appropriation	
1.1 Profit required to be appropriated to:	**23,552,922.61**
a. General Reserve	21,411,747.83
b. Capital Redeemption Reserve	
c. Exchange Fluctuation Fund	
d. Corporate Social Responsibility Fund	1,070,587.39
e. Employee Training Fund	
f. Client Protection Fund	1,070,587.39
g. Other	
1.2 Profit required to be transferred to Regulatory Reserve	**46,044,965.98**
a. Transferred to Regulatory Reserve	46,044,965.98
b. Transferred from Regulatory Reserve	-
Net Profit For the Quarter ended 31 Chaitra, 2081 available for distribution	**37,460,850.55**
Opening Retained Earning	**(44,750,522.41)**
Total Distributable profit or (loss) as on Quarter end date	**(7,289,671.87)**

Note:

1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards(NFRS) . These figures may vary at the instances of statutory auditors and regulators.
2. Personnel Expenses also include employee's bonus provision
3. Loans and Advances are presented net of impairment charges
4. Actuarial Valuation has been done on annual basis for Employee Benefits.
5. Figures are regrouped/rearranged/restated wherever necessary for consistent and fair presentation and comparison.
6. The corresponding data from the previous year in the statement of profit and loss account belongs to Sadhana Laghubitta Bittiya Sanstha Ltd., while the immediate previous year-ending data in the financial statement pertains to Sampada Laghubitta.

INTEREST RATES	
Deposit (7.50%-10.00%)	Loan & Advance: 8.00%-15.00%

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. २०८१/८२ को तेश्रो त्रैमासिक विवरण

१. वित्तीय विवरण :

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:

चालु आ.व.२०८१/८२ को तेश्रो त्रयमासको अपरिष्कृत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards-NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board-ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (The Institute of Chartered Accountants of Nepal-ICAN) द्वारा अनुपालनाको लागि सूचित गरिएका व्यवस्था अनुसार नेपाल राष्ट्र बैंकद्वारा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन न.४ मा निर्दिष्ट भई वित्तीय अवस्थाको प्रतिवेदन, नाफा नोक्सान विवरण, वितरण योग्य मूनाफा र सोसँग सम्बन्धित वित्तीय परिसूचकहरू यसै साथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेवसाईट https://sampadalaghubitta.com.np मा पनि राखिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरू:

प्रति शेयर आम्दानी (वार्षिक)	(मूल्य आम्दानी अनुपात) P/E ratio	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तिको मूल्य	तरलता अनुपात
२०.३७	४७।६७	१५३.९८	१,४८८.४७	५.४३

२. व्यवस्थापकीय विश्लेषण :

(क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनैं परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :

समीक्षा अवधिमा वित्तीय संस्थाको सदस्य संख्या, ऋणी संख्या, लगानीमा रहेको कर्जा, बचत रकम, संस्थाको मौज्दात, तरलता र आम्दानीमा परिवर्तन भएको छ। बजारमा लगानी योग्य रकममा भएको सहजता तथा कर्जा सापटीको ब्याजदरमा कमी आएको कारणले खुद ब्याज आम्दानीमा वृद्धि भएको छ भने प्रथम त्रैमासिकको अनुपातमा तेश्रो त्रैमासिकमा खराब कर्जाको अनुपात घटेको कारणले गत आ.व.को सोही अवधिको तुलनामा समीक्षा अवधिमा खुद मुनाफामा वृद्धि आएको छ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

यस वित्तीय संस्थाले देशका ४४ वटा जिल्लामा १५५ शाखा कार्यालयहरू मार्फत सेवा प्रदान गर्दै आईरहेको छ। संस्थाले नयाँ कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेका दुर्गम स्थानीय तहलाई प्राथमिकतामा राखिएको छ। यस त्रैमासको अन्त्य सम्ममा यस संस्थाले कूल १,७८,६७० विपन्न परिवारमा लघुवित्त सेवा प्रदान गरेको छ। संस्थाले आफ्ना ग्राहक सदस्यहरूको उद्यमशीलता विकास गर्न, व्यवसाय विस्तार गर्न तथा क्षमता अभिवृद्धि गर्न विशेषज्ञहरूबाट व्यावसायिक साझेदता तथा सीप विकास तालिम प्रदान गर्ने कार्य प्राथमिकतामा राखिएको छ। कर्मचारीको क्षमतामा अभिवृद्धि गरी कार्यकुशलतामा अभिवृद्धि गर्न, उत्पादकत्व वृद्धि गर्न, तथा कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गर्न कर्मचारीलाई आवश्यक तालिम तथा अन्तरक्रियामा संलग्न गराई कार्यक्रमलाई थप प्रभावकारी र गुणस्तरिय गराउन जोड दिईनेछ। कर्मचारीहरूको कार्यसम्पादन स्तर वृद्धि गर्नको लागि ट्रयावलेट बैकिङ्कको प्रयोग गरिनेछ। वित्तीय संस्थालाई वित्तीय श्रोतमा आत्मनिर्भर बनाउन कर्जा बचत अनुपात वृद्धि गरिनेछ। सेवाग्राहीको चाहना र आवश्यकता अनुसार सेवालाई समय सापेक्ष परिष्कृत गरी थप ग्राहकमैत्री बनाउन व्यवस्थापन प्रतिवद्ध रहेकोछ।

(ग) विगतको अनुभवबाट वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना वा अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :

लघुवित्त संस्थाहरू बीचको अस्वस्थ प्रतिस्पर्धा र सदस्यहरूको दोहोरोपना आदि कारणबाट वित्तीय संस्थालाई नकारात्मक प्रभाव पर्न सक्ने महसुस भएकोले यस वित्तीय संस्थाले कर्जा सूचना केन्द्रसँग समन्वय गरी कर्जा सूचना आदान प्रदान गरेको र सार्विक साधना लघुवित्त वित्तीय संस्था लि. र सार्विक सवैको लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभिए पश्चात संस्थाको उच्च व्यवस्थापनमा अनुभवि तथा दक्ष कर्मचारीहरू कार्यरत रहेकोले सोको उचित व्यवस्थापन गरिँदै आएको छ।

३. कानुनी कारवाही सम्बन्धी विवरण :

(क) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ख) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा

तेश्रो बजारमा हुने शेयर सम्बन्धी कारोबारको लागि यस वित्तीय संस्थाले नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचिकृत गराई सन्तोषजनक रुपमा कारोबार भई रहेको छ।

ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या

नेपाल स्टक एक्स्चेन्ज लि.को वेवसाईट https://nepalstock.com.np/ का अनुसार यसं त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयर सम्बन्धी कारोबार निम्नानुसार रहेको छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबोर भएको कूल दिन	कारोबार संख्या	कारोबार कित्ता
१,१०७	८९०.१०	९७१.०८	५६	७,२९९	४,८८८,२०४

५. समस्या तथा चुनौती :

क. संख्यात्मक रूपमा वृद्धि भएको लघुवित्त संस्थाहरूको शाखा विस्तारसँगै बढ्ने सदस्यहरूको दोहोरोपना।

ख. विभिन्न संस्थाहरू बिच दक्ष जनशक्ति लिन प्रतिस्पर्धाको कारण कर्मचारीहरू पलायन हुने जोखिम।

ग. अप्रत्यासित रूपमा सृजना हुनसक्ने प्रतिकूल अवस्था।

घ. बैंक तथा वित्तीय संस्था विरुद्ध भएको आन्दोलन को प्रभाव।

ङ. बैकिङ्ग क्षेत्रमा निष्क्रीय कर्जादरमा वृद्धि।

६. संस्थागत सुशासन :

नेपाल राष्ट्र बैंकबाट संस्थागत सुशासन अभिवृद्धिका लागि जारी गरिएका निर्देशनहरूको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितो पत्र ऐन २०६३ लगायत अन्य ऐन नियमहरूको पालना गरिनुका साथै वित्तीय संस्थाबाट प्रवन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली, शाखा सुपरीवेक्षण तथा अनुगमन निर्देशिका, बचत तथा कर्जा व्यवस्थापन निर्देशिका, सूचना प्रविधि निर्देशिका बनाई लागू गरिएको छ। व्यवस्थापनको साथै आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ गर्न लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धीकरण अनुगमन समितिले सक्रिय रुपले कार्य गरिरहेका छन्।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।